नेपाल सरकार

भौतिक पूर्वाधार निर्माण तथा यातायात मन्त्रालय

सडक बिभाग

# NEPAL INDIA TRADE AND TRANSPORT FACILITATION PROJECT (NITTFP)

# निम्सरो समुदाय बिकास योजना

## नारायणघाट - मुग्लिङ्ग सडक आयोजना

एम.एम.एम. ग्रुप (लि.) (क्यानाडा)
संयुक्त उपक्रम
साई कन्सल्टिङ्ग इन्जिनियर्स प्रा. लि., भारत
इटेको नेपाल प्रा. लि.
टिएमएस नेपाल प्रा. लि.

जनवरी, २०१३

## आयोजनाको परिचय र आयोजनाका अंगहरु

१. नेपाल सरकारले बिद्यमान अवस्थामा रहेको यातायात सुविधाको विस्तार गर्न मुख्य प्राथमिकता तोकेको छ । यस सन्दर्भमा, भौतिक पूर्वाधार निर्माण तथा यातायात मन्त्रालय, सडक बिभागले देशका बिभिन्न भागहरुमा सडक आयोजनाहरु सञ्चालन गरिरहेको छ । नारायणघाट - मुग्लिङ्ग सडक आयोजना पनि सरकारले तोकेको मुख्य प्राथमिकतामा रहेको आयोजना हो र यसले विशेसत क्षेत्रिय ब्यापार केन्द्रहरु जस्तैः पूर्वी तथा पश्चिम तराईलाई काठमाडौसंग जोड्ने छ ।

२. नारायणघाट - मुग्लीङ्ग सडक आयोजना NESR-T र TFP को एक भाग हो । यो सडक खण्ड पुर्बी - पश्चिम लोकमार्ग र काठमाडौ - बीरगञ्ज लोकमार्गको बीचको एक खण्ड हो । विद्यमान यस नारायणघाट - मुग्लीङ्ग सडक आयोजना राष्ट्रिय लोक मार्ग (एच- ०५) को रुपमा सुचिकरण गरिएको छ, यसको लम्बाई ३३.२७५ कि.मि. रहेको छ र यो सडक अयोजना चितवन जिल्लामा अवस्थित छ । यो सडकको स्तरोन्नती र विस्तार गर्दा एशियाली लोकमार्ग को मापदण्ड अनुसार हुनेगरि डिजाईन गरिएको छ । यो सडक आयोजना भरतपुर नगरपालिकाको आँपटारी भन्ने स्थानबाट सुरुभइ दारेचोक गा.वि.स अर्न्गतत मुग्लिङ्ग बजारमा अन्त्य हुन्छ । यस सडकले त्रिशुलि नदीको किनारै किनार आफ्नो यात्रा तयार गर्छ र यात्राको क्रममा यस सडकले भरतपुर नगरपालिका, कविलाश, चण्डिभंज्याङ्ग, दारेचोक र दाहाखानी गा.वि.स.हरुलाई पार गर्दै जान्छ ।

३. सर्भेक्षण गरिएका घरधुरी मध्येः ६ दलित, ५५ घरधुरी जनजाती, ४ घरधुरी चेपाङ्गका र १ घर महिला घरमूलि भएको पाईएको छ । आयोजना प्रभावित घरधुरीहरुको आयका विभिन्न स्रोतहरुको विश्लेषण गर्दा कृषि उत्पादनबाट भन्दा गैरकृषिका श्रोतबाट बढी आम्दानी हुने गरेको पाईएको देखिन्छ । माथी भनिएका सबै घरधुरीहरु जिविकोपार्जनको सिलसिलामा सडकको वरपर सरकारी जग्गा भीत्र बसोबास गरि रहेका छन् । यी घरधुरीहरु आयोजनाका कारणले अति प्रभावित परिवारमा पर्ने भएका कारणले छुट्टै निम्सरो समुदाय बिकास योजना सडक विभाग, भू-वातावरण तथा सामाजिक इकाइद्वारा प्रकाशित ‘वातावरण तथा सामाजिक व्यवस्थापन संरचना (ESMF) निर्देशिकालाई आधारमानी तयार गरिएको छ ।

## नेपालमा निम्सरो समुदायको अवस्था

४. नेपालको सन्दर्भमा निम्सरो समुदाय भन्नाले त्यो समुदायलाई बुझ्नु पर्दछ जो नेपालका दुर्गम स्थानहरुमा वसोवास गर्दछन् । यस्ता समुदाय सामान्यतया जमिनको स्वामित्वभन्दा टाढा, सिमान्कृत किसानहरु, पूर्व कमैयाहरु आदि हुन् । खासगरी यो समुदायको सार्वजनिक श्रोतसाधनहरुमा कम पहुच, राष्ट्रियस्तरको नीतिनिर्माण प्रकृयाको तहमा कम पहुच र विकासको मुलधारबाट टाढा रहेको पाइन्छ । यसर्थ यो समुदायलार्य गरिवीको रेखामुनि पर्ने चुनौति प्रवल देखिन्छ । औपाचारिक र अनौपचारिक अध्ययनानुसार खासगरी जनजातिहरु, आदिवासीहरु, दलितहरु र एकल महिलाहरु निम्सरो समुदाय भित्र पर्ने गरेको छन् । नेपाल सरकारको दशौं पञ्चबर्षिय योजनाको अध्ययनले पनि महिला, अपाङ्गता, अल्पसंख्यक जनजाति, दलित समुदायलाई सिमान्तकृत समुहको सूचिमा राखेको छ । विशेषत, सबै क्षेत्र र धर्मका महिलाहरु पुरुषहरुको तुलनामा राज्यको सूविधाबाट वञ्चित रहेको अवस्था छ । महिलामा पनि विधवा महिला, छोडपत्र गरी वसेका महिलाहरु र महिला घरमुखी भएका परिवारहरु नै सुविधा विमुखिको समुहमा पर्दछन् ।

**मुद्दाहरुः**

५. विस्तृत सामाजिक लेखाजोखा प्रतिवेदनमा सरोकारवालाहरुसित गरिएका छलफलहरु र विभिन्न द्वितिय अध्ययनहरुलाई प्राप्त सूचनाहरुका आधारमा यो यकिन गर्न सकिन्छकि निम्सरो समुदाय कुनै पनि विकास आयोजनाको विभिन्न चरणहरुमा समावेश हुन नसक्नुका थुप्रै कारणहरु रहेका छन् । यस्ता कारणहरुमा बजारक्षेत्रमा उनीहरुको व्यवसायिक पहुँचको अभाव, बैङ्किङ तथा वित्तिय क्षेत्रमा सिमित पहुँच, कृषिक्षेत्र र सेवामा उनीहरुको कम पहुँच हुनु, सक्षम नेतृत्वको अभाव, निर्णय निर्माण प्रकृयामा अर्थपूर्ण सहभागिता कम हुनु र विकासको मूलधारमा उनीहरुको सहभागिताको सुनिश्चितता नगराईनुनै हुन् । गरीवी, असाक्षरता, भुमिहिन, राज्यबाट प्राप्त कृषि सेवामा पहुँच नहुनु (जस्तैः उन्नतजातको वीउ, औजार र कृषि मल) जस्ताकारणहरुले निम्सरो समुदाय विकासको मूलप्रवाहबाट टाढा रहेका छन् । यद्दपी कुनै पनि विकासका आयोजनाले निम्सरो समुदायलाई मूलप्रवहमा समावेश गर्ने हो भने माथि उल्लेखित सवालहरुको समाधान गर्नु जरुरी हुन्छ । विशेषत सरकारद्वारा संचालित विकास आयोजनाहरुमा निम्सरो समुदायका मुद्दाहरु समावेश गरिनु पर्दछ । यस्ता विकासे गतिविधीहरुको मुख्य उद्देश्य भनेको उनीहरुलाई व्यक्तिगतरुपमा सहयोग र आयोजनामा उनीहरुको अपनत्व गराउनु पर्दछ । साथै आयोजनाका फाइदाहरुको बाँडफाँडमा निम्सरो समुदायको सहभागिता गराइनु पर्दछ । सहभागिताको कुरा गर्दा बिंसन नहुने कुरा भनेको उनीहरुको समान सहभागिता हो । यी तथ्यहरुलाई मनन गर्दै प्रस्तावित यो आयोजनाको रणनीतिक उद्देश्य भनेको आयोजनाको हरेक चरणमा निम्सरो समुदायलाई समान र सकृय सहभागिता गराई फाइदाहरुमा उनीहरुको सहज पहुँच पुऱ्याउनु रहेको छ । यसका अलावा आयोजनाबाट उनीहरुमा पर्ने नकरात्मक असरहरु कम गराई उनीहरु र उनीहरुको समाजभित्र रहेका आर्थिक सामाजिक असमानतालाई न्यूनिकरण गर्नु हो ।

**निम्सरो समुदाय विकास आयोजनाको उद्देश्यः**

६. प्रस्तावित नारायाणघाट-मुग्लिङ्ग सडक आयोजनामा लागूहुने गरि तयार गरिएको यो निम्सरो समुदाय विकास योजना, राष्ट्रिय नीतिनिर्देशिका र सडक विभाग, भू-वातावरण तथा सामाजिक इकाईले प्रकाशन गरेको 'वातावरण तथा सामाजिक व्यवस्थापन संरचना' (ESMF) निर्देशिकालाई आधार मानि तयार गरिएको हो । यसका उद्देश्य निम्न बमोजिम रहेका छन् ।

- आयोजनाबाट प्रभावित निम्सरो समुदायलाई आयोजनाका सूचनामा सहजपहुँच गराउनु ।
- आयोजनाले दिने फाइदाहरुको न्यायोचित वितरण उनीहरुसमक्ष पुऱ्याउनु ।
- आयोजनाले पुऱ्याउने नकरात्मक क्षतिहरुको न्यूनिकरण गर्न सुरक्षात्मक न्यूनिकरण कवजहरुको अवलम्वन गर्नु ।
- आयोजनको तयारीचरण, कार्यान्वयन चरण, अनुगमन मूल्याङ्कन चरणमा उनीहरुको अर्थपूर्ण सहभागिता गराउनु ।
- आइपर्ने आर्थिक सामाजिक असमनताहरुको न्यूनिकरण गर्नु ।

- जिविकोपार्जनका लागि तालिम, आय-आर्जनका कार्यक्रमहरु उनीहरुकै इच्छा बमोजिम संचालन गर्नु ।

**निम्सरो समुदाय विकास योजनाको निमार्ण प्रक्रियाः**

७. विस्तृत सामाजिक लेखाजोखाको आधारमा प्रस्तावित यस सडक आयोजना प्रभावित क्षेत्र भित्र आयोजना तयारी चरणमा गरिएको छनोट प्रक्रिया र सामुदायिक छलफलहरु निम्सरो समुदायसंग गरिएको थियो । यस्ता सामुदायिक छलफलहरु र अन्तरवार्ताहरु, स्थानीय समुदायका सदस्यहरु, सडक प्रभावित गा.वि.स.का प्रतिनिधीहरु, त्यहाँ कार्यरत स्थानीय गैह्र सरकारी संस्थाहरुसंग गरिएका थिए । निम्सरो समुदायको पहिचान गर्ने सिलसिलामा उनीहरुको घरधूरी पहिचान र त्यस्ता घरधुरीको गणना गरिएको थियो । यसरी गरिएको सामुदायिक छलफल र घरधूरी सर्भेक्षण मार्च २०१२ को आधारमा यो आयोजना क्षेत्रमा जनजाति, निम्सरो समुदाय र दलित परिवारहरुको वाहुल्यता रहेको पाईयो । सर्भेक्षण हुदाँको प्राप्त नतिजानुसार वहुजातिय समुहका परिवारहरु आयोजनास्थल वरपर वसोवास गरिएको पाइयो । आयोजनाले प्रभाव पार्ने कूल निम्सरो समुदायका परिवार मध्ये ६ दलित, ५५ घरधुरी जनजाती, ४ घरधुरी चेपाङ्गका र १ घर महिला घरमूलि रहेका छन् ।

**कार्ययोजनाः**

८. यस निम्सरो समुदाय विकास योजना भित्र समुदायस्तरलाई र व्यक्तिगतस्तरलाई लक्षितगरि गरिने विकास गतिविधीहरु समावेश गरिएका छन् । व्यक्तिलाई लक्षित गरी संचालन गरिने विकास गतिविधीहरुमाः आयोजना सहयोग भत्ता र जीवनउपयोगी सिप-विकास तालिमहरु रहेका छन्, जुनचाहिँ पूर्नवास कार्ययोजनामा समावेश गरिएका छन् । सामुदायिक छलफललाई आधारमानि समुदायलाई नै लक्षित गरि तयार गरिएका गतिविधीहरु आयोजनाको कार्यान्वयन चरणमा संचालन गरिने छन् । यसरी तयार गरिएको गतिविधीहरुले कुनै व्यक्ति विशेषलाई नै प्रत्यक्ष फाइदा नपुऱ्याएपनि समग्र समुदायलाई फाइदा पुऱ्याउने देखिन्छ । यो निम्सरो समुदाय विकास योजनाले ४१,००० व्यक्तिहरुलाई प्रत्यक्ष-अप्रत्यक्ष फाइदा पुग्न जान्छ । स्थानिय समुदायसंग गरिएको परामर्श र उनीहरुको सुझावको आधारमा प्रस्तावित नारायणघाट-मुग्लिङ्ग सडक खण्डको दुई स्थानमा सडकमुनिबाट आवतजावत गर्ने बाटो, सवारीसाधान विश्राम स्थान र यात्रु प्रतिक्षालयको प्रवधान बिस्तृत इन्जिनियरीङ्ग डिजाइनमा गरिएको छ । जुनचाहिँ सडक विभागको Standard Drawing अनुसार हुने छ । Bill of Quantity भित्र सामुदायिक सेवा शिर्षक व्यवस्था गरिएको छ । सो शिर्षक अन्तर्गत यो निम्सरो समुदाय विकास योजनालाई प्रस्ताव गरिएको रू.७०,००,०००।- अनुमान गरिएको छ ।

**निम्सरो समुदाय विकास योजनामा समावेश गरिएका स्थानिय मागका सूचीहरुः**

| सि.नं. | स्थानीय मागहरु | चेनेज | बस्ती | गा.बि.स./नगरपालिका | जनगणना २०६९ अनुसारको घरधुरी संख्या (प्रभावित गा.बि.स.) | जनगणना २०६९ अनुसारको जनसंख्या (प्रभावित गा.बि.स.) | आयोजना प्रभावित लिम्सरो घरधुरी संख्या | जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| १. | • सडकमुनिबाट आवतजावत गर्ने बाटो (Under Pass) | ५+२३६ | रामनगर | भरतपुर न.पा. | ३६९३९ | १४३८३६ | - | - |

| सि.नं. | स्थानीय मागहरु | चेनेज | बस्ती | गा.बि.स./नगरपालिका | जनगणना २०६९ अनुसारको घरधुरी संख्या (प्रभावित गा.बि.स.) | जनगणना २०६९ अनुसारको जनसंख्या (प्रभावित गा.बि.स.) | आयोजना प्रभावित लिम्सरो घरधुरी संख्या | जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| | • सामुदायिक अतिथी गृह<br>• सवारी साधन विश्रामस्थल | | | | | | | |
| २. | • खानेपानी योजना<br>• सवारी साधन विश्रामस्थल<br>• यात्रु प्रतिक्षालय | १०+११० | जुगेडी | | | | | |
| ३. | • गा.वि.स. र स्वास्थ चौकि जाने गोरेटो बाटो<br>• सार्वजनिक मन्दिर<br>• सवारी साधन विश्रामस्थल | ११+२०० | देवीटार | | | | | |
| ४. | • खानेपानी योजना<br>• सवारी साधन विश्रामस्थल<br>• यात्रु प्रतिक्षालय<br>• सामुदायिक भवन | १३+२२० | दासढुंगा | कविलास गा.वि.स. | ११६४ | ५८१५ | ४४ | २४३ |
| ५. | • खानेपानी योजना<br>• सवारी साधन विश्रामस्थल<br>• सार्वजनिक शौचालय<br>• गाउँ जाने गोरेटो बाटो | १६+३६० | सिमलताल बजार | | | | | |
| ६. | • सार्वजनिक मन्दिर<br>• सार्वजनिक पिउने पानी टंकी<br>• सार्वजनिक शौचालय<br>• यात्रु प्रतिक्षालय<br>• सवारी साधन विश्रामस्थल | ३३+८०० | शान्ति बजार | चण्डिभञ्ज्याङ्ग गा.वि.स. | ८८७ | ४९७८ | १५ | ८३ |
| ७. | • यात्रु प्रतिक्षालय<br>• सवारी साधन विश्रामस्थल<br>• Over Pass | ३६+००० | मुग्लिङ्ग | दारेचोक गा.वि.स. | २०२९ | ९६०७ | १ महिला घरमूली | ४ |
| ८. | • No public Demand | | | दाहाखानी गा.वि.स. | ९३९ | ४८०३ | ६ | ३३ |

| सि.नं. | स्थानीय मागहरु | चेनेज | बस्ती | गा.बि.स./नगरपालिका | जनगणना २०६९ अनुसारको घरधुरी संख्या (प्रभावित गा.बि.स.) | जनगणना २०६९ अनुसारको जनसंख्या (प्रभावित गा.बि.स.) | आयोजना प्रभावित लिम्सरो घरधुरी संख्या | जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| नोटः माथी सूचिकरण गरिएका स्थानीय मागहरु स्थानीयहरु संगै छलफल गरि टिपोट गरिएका हुन् र यी मागहरुलाई आयोजना कार्यान्वयनको चरणमा स्थानीय जनता र निम्सरो समुदाय संग समन्वय गरि आवश्यकताका आधारमा कार्यान्वयन गरिने छन् । | | | | | | | | |

९. शसस्त्र द्वन्द सुरुहुन भन्दा अगाडी र सुरु भएपछि हाल सम्मको अवस्थामा प्रस्तावित यस आयोजना क्षेत्रमा वसोवास गर्ने निम्सरो समुदायको प्रजनन् स्वास्थ्य सेवाबाट टाढा रहेको पाइन्छ भने यो अवस्था अझै खरावहुने संभावना रहेको छ । प्रजनन् स्वास्थ्य सम्वन्धी सूचनाहरुबाट समेत यो समुदाय टाढा रहेको छ । खासगरी द्वन्दपछिको पुर्नसंरचना गरिने चरणमा प्रजनन् स्वास्थ्य सेवाको विस्तार र स्थानिय समुदायको पहुँचलाई मध्यनजर गर्नु जरुरी छ । यस क्षेत्रमा स्वास्थ्य सम्वन्धी कामगर्ने सेवा प्रदायकहरुले प्रजनन् स्वास्थ्य सम्वन्धी काममा कमै मात्रामा ध्यान पुऱ्याएको पाइन्छ । यसर्थ निम्सरो समुदायमा पर्ने समस्यालाई मध्यनजर गरि प्रजनन् स्वास्थ्य सम्वन्धी तालिमहरुको माध्यमबाट निम्सरो समुदायलाई फाइदा पुऱ्याउने लक्ष्य यो योजनाले राखेको छ ।

१०. कुनै पनि विकास आयोजनाको सबै चरणहरुमा लक्षितवर्गको अर्थपूर्ण र समान सहभागिता भएन भने लक्षित गरेको फाइदा उनीहरुले प्राप्त गर्न सक्दैनन् । यो निम्सरो समुदाय विकास योजनाले लक्षित गरेको मूख्य सवाल भनेको आयोजनाको चरणहरुमा उनीहरुलाई रोजगारीका अवसर सृजना गर्नु, सहयोग र समन्वय गर्नु ताकि उनीहरु आफ्नालागि संचालन हुने विकास गतिविधीहरुमा सहभागी हुन् र उनीहरुको सूचना आदानप्रदान सम्वन्धी क्षमता र समस्या समाधान सम्वन्धी सीपको विकास होस् । यसका साथै यो निम्सरो विकास योजनाले उनीहरुको हक-अधिकार वारेमा जान्न उनीहरुलाई नै मद्दत गर्ने छ, ताकि उनीहरु आफ्नो वरपर संचालन हुने विकास कार्यक्रमहरुमा प्रमुख पात्रका रूपमा सहभागी हुन सकुन् र आफ्नो आवश्यकता आफै पहिचान गर्न सकुन् । यो तथ्यलाई मनन गरी यो आयोजनाले स्थानियवासीहरु तथा निम्सरो समुदायको वीचमा विकास गतिविधीहरुको प्रवाह गर्ने र यस्ता गतिविधीहरुमा उनीहरुकै सहभागिता, स्थानिय श्रोत साधनहरुको उचित प्रयोग तथा अग्राधिकार, स्वसंगठन, प्राकृतिक मैत्रिविकास गतिविधीहरु र आत्मनिर्भरता जस्ता रणनितिहरु लिएको छ । प्राकृतिक श्रोत साधनहरुको पहिचान र परिचालनमा उनीहरुको पहुँच पुऱ्याउन सहभागिताको पद्दति अवलम्वन गरिने छ । निम्सरो समुदायहरुको जीविकोपार्जोनमा सुधार गर्नको लागि यो आयोजनामा उनीहरुको अपनत्व गराउन र श्रोत साधनमा सहज पहुँच कायम गराउने नीति अनुरुप यो निम्सरो समुदाय विकास योजनालाई कार्यान्वयन गरिने छ । यसो गर्दा मुख्यतः

- आयोजनामा निम्सरो समुदायको सहभागिता वढाउन चेतनामूलक छलफल गतिविधी संचालन गरिनेछ जसको माध्यमबाट उनीहरुलाई महत्वपूर्ण परामर्श पुगोस् ।
- यस आयोजनाले आर्थिक, सामाजिक र कानूनी तहमा रहेको लैङ्गिक विभेदलाई घटाउन लैङ्गिक समताको रणनीति अनुसरण गरिने छ ।
- निम्सरो समुदायका मानिसहरुलाई आयोजनका चरणहरुमा सहभागिता गराई उनीहरुको सवाललाई मुखकृत गराउन सहजिकरणको तरिका अवलम्वन गरिनेछ ।

- सामाजिक परिचालनका माध्यमबाट स्थानिय श्रोत र साधनको मैत्रीपूर्ण परिचालन गरि आयोजनाका गतिविधीहरुलाई प्रभावकारी रूपमा संचालन गर्न निम्सरो समुदायका मानिसहरुको परिचालनमा जोड दिइने छ । आयोजनाले चेतानाको अभिवृद्धि, स्थानिय क्षमताको अभिवृद्धि र सामुहिक कार्य जस्ता अन्तरवस्तुहरुलाई समेत मध्यनजर गर्दै सामाजिक एकता सद्भभाव स्थानिय शान्ति र साँस्कृतिक विकासमा जोड दिने लक्ष्य रोखेको छ ।

- आयोजनाको मुख्य जोड भनेकै निम्सरो समुदायलाई केन्द भागमा राखि आयोजनाको हरेक कार्यहरु संचालन गरिने छ ।

- सामुहिक सूचना संकलन, आवश्यकताको पहिचान र प्राथमिकिकरण गर्न सामाजिक र आर्थिक लेखाजोखा पद्धती अनुसरण गरिनेछ जसको लागि अधिकत्तम श्रोत साधन र प्रयासको मितव्ययि परिचालन गरिने छ ।

- निर्धारित/लक्षित समुहलाई विविध समुह/संघ-संस्था/संगठनमा आवाद्ध गराई उनीहरुकै आवश्यकतामा आधारित विकास गतिविधीहरु संचालन गराउन प्रयत्न गरिने छ ।

- नियमित अनुगमन, मुल्याङ्कन र रेखदेख प्रकृयाको अनुसरण गरिने छ । यी कृयाकलापहरुमा निम्सरो समुदायको सहभागिताको सुनिश्चिता गरिनेछ ।

- आयोजना क्षेत्र भित्र साझा विकास गतिविधी र संयूक्त कार्याक्रमका लागि सरोकारवाला निकायहरुको समन्वयमा जोड दिइनेछ । जसको लागि विभिन्न समन्वय वैठकहरुको संचालन गरिने छ ।

- आयोजना प्रभावित गा.वि.स.हरुमा कार्याक्रमको दोहोरोपना हटाउन र विद्यमान संचालित कार्यक्रमहरुमा पनि निम्सरो समुदायका मानिसहरुको अपनत्व कायम गर्न सहयोग गरिने छ ।

- निम्सरो समुदायका मानिसहरुको समन्वय विभिन्न सेवाप्रदायक निकायहरु र तिनीहरुका सेवालाई प्रभावकारी रुपमा निम्सरो समुदायका मानिससम्म पुऱ्याउन उनीहरुको समन्वय ती सेवाप्रदाक निकायसंग गराइने छ र त्यस्ता सेवाप्रदायक निकायहरुको क्षमता अभिवृद्धिमा जोड दिइने छ ।

- यस आयोजनासंग सम्वन्धीत विभिन्न गतिविधीहरुको तयार गर्दा गा.वि.स./जि.वि.स., अन्य सरकारी निकाय र गैह्र सरकारी संस्थाहरुसंग आपसि समन्वयको नीति अपनाइने छ ।

- आयोजनाको पारदर्शिता कायम गर्न जनलेखा परिक्षण/सामुदायीक लेखा परिक्षण गरिने छ ।

११. यस आयोजना भित्र संचालन गरिने उप-आयोजनाका फाइदाहरुलाई निम्सरो समुदायका परिवारहरु समक्ष पुऱ्याउनको लागि उप-आयोजनहरुको तयारी र कार्यान्वयन चरणमा आउन सक्ने नकरात्मक असरहरुलाई कम गर्ने उपायहरु समेत यो निम्सरो समुदाय विकास योजनामा समावेश

गरिएको छ। आयोजनाले निम्सरो समुदायको जग्गा अधिकरण र भौतिक सम्पत्तिको क्षति पुऱ्याएमा उनीहरुलाई त्यस्तो क्षतिको चित्त वुझ्दो क्षतिपूर्ति उनीहरुकै सहमतिमा प्रदान गरिने छ। यसरी प्रदान गरिने क्षतिपूर्ति: सडक विभाग, भू-वातावरण तथा सामाजिक इकाइद्वारा प्रकाशित 'वातावरण तथा सामाजिक व्यवस्थापन संरचना' पूस्तिकालाई आधार वनाइने छ।

१२. पूर्नवास कार्य योजना र निम्सरो समुदाय विकास योजना आपसि समन्वय मिलाई एकै साथ कार्यान्वयन गरिने छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय कार्यकारी निकाय हुने छ भने सडक विभाग यो आयोजनाको कार्यान्वयन गर्ने निकायको रुपमा रहने छ। सडक विभाग भित्र आयोजना कार्यान्वयन इकाइको स्थापना गरिने छ, जसको प्रमुख आयोजना व्यवस्थापक रहने छन्। यो इकाइको मूख्य जिम्मेवारी भनेको आयोजनाको समर्ग योजना तयारी, कार्यान्वयन र समन्वय गर्नु हो। यही इकाइले यस निम्सरो समुदाय विकास योजनाको कार्यान्वयन गर्न र संयन्त्रको निमार्ण गर्ने छ।

१३. यो निम्सरो समुदाय विकास योजनाको अनुमानित वजेट रू.७.२ मिलियन रहेको छ।